मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## प्रदेश सरकारको सहयोग हुनेछ

**सतिश कुमार सिंह**
**मुख्यमन्त्री, मधेश सरकार**

महायज्ञ गरेर जुन अभियान यहाँहरुले चलाउनु भएको छ । यसका लागि मधेश प्रदेश सरकारबाट हाम्रो मायाघर निर्माणका लागि यथासम्भव सहयोग गरिने जानकारी गराउन चाहन्छु ।

हाम्रो मायाघर निर्माणका लागि प्रदेश सरकारले आगामी दिनमा पनि सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दछु । हाम्रो मायाघर निर्माणमा सहयोग गर्नेहरुलाई आभार प्रकट गर्न चाहन्छौँ । यो महाअभियानले एउटा सपना सार्थक हुनेमा विश्वस्त छु । प्रदेश सरकारले बजेट त निर्माण गरिसकेको छ । तर पनि यो अभियानलाई सकेको सहयोग हुनेछ । **हीरा गौतमसँगको कुराकानी पृष्ठ ४ मा पढ्नुहोस्**

● वर्ष २ ● अंक २६४ ● २०८१ साल श्रावण २८ गते सोमबार ● Monday 12, August 2024 ● सूर्योदय: बिहान ५:३५ बजे ● सूर्यास्त: साँझ ६:४५ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

## कर्मचारी हाजिर गराउन मन्त्री र सचिव पुगे प्रयोगशाला

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले स्थापना गरेको प्रादेशिक प्रयोगशालाका निर्देशकलाई सरुवा गरेपछि नयाँ निर्देशकलाई हाजिर गराउन स्वास्थ्य तथा जनसंख्या मन्त्री शत्रुधन सिंह कोइरी र सचिव डा. प्रमोद यादव आफैँ प्रयोगशाला पुगेर हाजिर गराएका छन् । संघीय सरकारका कर्मचारी मिश्रलाई सरकारले सरुवा गरेर २४ घण्टाभित्र जाने भनेपछि कर्मचारीहरु आक्रोशित भएका थिए ।

प्रदेश सरकारले मिश्रको स्थानमा कुमार मृत्युञ्जय प्रसादलाई निमित्त प्रमुखको जिम्मेवारी दिएको छ । उनी मन्त्री र सचिव लिएर हाजिर हुन कार्यालय पुगेका थिए । कार्यालयमा कर्मचारीहरुले उनको विरोध गरेका थिए । उनीहरुले कर्मचारी सरुवा स्वाभाविक प्रक्रिया भए पनि कानुनसम्मत रुपमा काम नभएको भन्दै कर्मचारीले विरोध गरेका हुन् । उनीहरुले नियुक्त गरिएका नयाँ निर्देशक बाहिरसमेत आफ्नो ल्याब सञ्चालन गरिरहेको अवस्थामा प्रादेशिक ल्याबलाई धरासायी बनाउन सक्ने भएपछि यसको विरोध गरेको बताउँछन् ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नियुक्त गरेका कर्मचारीलाई हाजिर गराउन मन्त्री र सचिव आफैँ पुगेका हुन् । जसले केही समय प्रयोगशालाको अवस्थासमेत तनावग्रस्त भएको थियो । कर्मचारीले उनीलाई हाजिर हुन नदिन कार्यालयमा ताला लगाएका थिए । त्यसपछि मन्त्रीले प्रहरीसमेत बोलाएर कार्यालय प्रवेश गरेका थिए । मन्त्री सिंहले पालिकास्तरीय कर्मचारीलाई भने, 'तपाईंहरुलाई नियुक्त गरी काममा खटाउने सरकारले हो । कोही व्यक्तिले होइन । तसर्थ कुनै व्यक्तिको उक्साहटमा लागेर काम छाडेर अन्यत्र नहिँड्नुस् । तपाईंहरुको जागिर कसैले भनेर जाँदैन ।'

यता मिश्रले पत्रकार सम्मेलन गरेर आफ्नो प्रयोगशालाको चारवर्षको उपलब्धी सार्वजनिक गरेका छन् । उनले मधेश प्रदेशको प्रयोगशालालाई नेपालकै नमूना प्रयोगशालाका रुपमा विकास गरेको बताए । उनले मधेश प्रदेशको १ सय ३६ पालिकामा प्रयोगशाला स्थापना गरेर स्थानीय तहमा सर्वसाधारणलाई रोग पहिचान गर्न सहज भएको बताए । मिश्रले जनतालाई सहज सेवाप्रवाहको अवस्था सिर्जना भएको र यसले जनतामा प्रयोगशालाप्रति भरोसासमेत विकास भएको बताए ।

मिश्रले प्रयोगशालामा भएको घटना दुःखद रहेको बताउँदै कुनै पनि कर्मचारीलाई सरुवा भएपछि २१ दिनभित्र बुझबुझारथ गरेर जाने कानूनी अवस्था रहेको बताउँदै तर जसरी आइतबार घटना भएको छ, त्यो विधिको शासनविरुद्धमा रहेको बताए । उनले आउने दिनमा प्रयोगशाला अझ राम्रो होस् भन्ने आफनो चाहना रहेको बताए ।

# महायज्ञबाट हाम्रो मायाघरलाई ९३ लाख जुट्यो

**मधेशदृष्टि**
**महोत्तरी ।**
'हाम्रो मायाघर' निर्माण सहयोगार्थ बर्दिबासमा जारी शिवपुराण महायज्ञमा श्रद्धालुको सहभागिता र उत्साहजनक दानदातव्यले आयोजक निकै उत्साहित भएका छन् । नेपालकै चर्चित कथावाचिका राधिका दासीले निःशुल्क रुपमा कथावाचन गरेर भक्तजनलाई कथाको रसामृत गराइरहेकी छन् । दासीले महायज्ञ मानवसेवाको पवित्र उद्देश्यसहित प्रारम्भ भएकाले यसको सफल समापनसँगै 'हाम्रो मायाघर' निर्माणमा टेवा पुग्ने विश्वास व्यक्त गरिन् ।

महोत्तरी निर्वाचन क्षेत्र नम्बर १ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य लक्ष्मी महतो कोइरीले 'हाम्रो मायाघर' निर्माणमा आफूले सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए । १० करोड ६९ लाख ४५ हजार चार सय ७७ रुपैयाँको लागतमा 'हाम्रो मायाघर' बर्दिबास–२ मा निर्माण हुन लागेको हो । दाताबाट प्राप्त पाँच कठ्ठा १० धुर जग्गामा बन्ने दुई वटा भवनको विस्तृत परियोजना प्रस्ताव पनि तयार भएको हाम्रो मायाघर बर्दिबास समितिका अध्यक्ष कृष्णप्रसाद गौतमले जानकारी दिए ।

बालबालिका र अपाङ्गतामैत्री तथा भूकम्पप्रतिरोधी बनाइने भवनमा १२ कोठा, सभा भवन, वडा कक्ष र अध्ययन कक्ष हुनेछन् । दुई सय सडकमानव र अनाथ बालबालिकाको बसोबास, खानपान, स्वास्थ्योपचार र सम्भव भएसम्म शिक्षाको प्रबन्ध गरिने समितिले जनाएको छ । महायज्ञ तयारी र व्यवस्थापनका लागि हीरालाल गौतमको संयोजकत्वमा १९ वटा उपसमिति बनाइएका छन् ।

महायज्ञमा भवनका लागि विभिन्न दाताबाट सहयोग प्राप्त हुने क्रम चलेकाले चाँडै भवन बन्न शुरू हुने अपेक्षा गरिएको महायज्ञ व्यवस्थापन समितिका सचिव तथा प्रवक्ता



चेतकुमार थापाले बताए । महायज्ञमा मायाघर निर्माणार्थ दुई करोड रुपैयाँ सहयोगको प्रतिबद्धता प्राप्त भएको र सञ्चालनमा २५ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको प्रवक्ता थापाले जानकारी दिए । पुराणवाचिका राधिका दासी मुख्य संरक्षक रहेको हाम्रो माया घर निर्माण सम्पन्न हुन पाँच वर्ष लाग्ने समितिले जनाएको छ । भवन सञ्चालन नभएसम्म अनाथ बालबालिका र सडक मानवको अभिभावकत्व समितिले लिइरहने र इटहरीस्थित मायाघरमा व्यवस्थापन गरिने जनाइएको छ । महायज्ञ साउन २९ गते समापन हुनेछ । महायज्ञ' बाट आइतबार साँझसम्म ९३ लाख बढी रकम संकलन भएको छ ।

यसमध्ये एक जनाले १ लाख २ हजार रुपैयाँ गोप्य दान गरेको महायज्ञ मूल आयोजक समितिका सचिव चेत कुमार थापाले बताए । महायज्ञको छैठौँ दिनसम्ममा रसिद काटेर ६ सय ५३ जनाले आर्थिक सहयोग गरेका छन् ।

पाँच सय रुपैयाँ भन्दा तल दान गर्नेहरुका लागि शिव पुराणमा महायज्ञ स्थलमा चार वटा दानपेटीका राखिएको छ । महायज्ञ समापन भएपछि मात्रै दानपेटिका खोलिने छ । महोत्तरी क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य लक्ष्मी महतोले ११ हजार इँट्टा र बर्दिबास नगरपालिका वडा नम्बर १४ का चन्द्रेश्वर साहले १ सय५ बोरा सिमेन्ट दिएका छन् ।

महायज्ञ मूल आयोजक समितका संयोजक हीरा गौतम सडक आश्रित मानवको उद्धार गरेर राख्न जनस्तरबाट सहयोग संकलन गरेर हाम्रो मायाघर निर्माण गर्न महायज्ञ लगाइएको बताउँछन् । उनले श्रद्धालुहरुको उल्लेख सहभागिताले निकै उत्साहित बनाएको बताए ।

'हामी महायज्ञबाट डेढ करोड रुपैयाँ संकलन गर्ने लक्ष्यमा थियौँ । महायज्ञको छैठौँ दिनसम्ममा ८१ लाख रुपैयाँ र जिन्सी सरसमाग्री संकलन भइसक्यो,' उनले भने, अझै दाताहरु थपिँदै गएका छन् । हाम्रो उद्देश्य पूरा हुन्छ ।' महायज्ञलाई त्रुटीरहित बनाउन सबै प्रयास गरेको उनले बताए । महायज्ञमा सकेको दान गर्न महायज्ञ आयोजक समितिले सबैमा आग्रह गरेको छ ।

## मन्त्रीको स्वागतमा विद्यार्थीको विरोध



**मधेशदृष्टि**
**महोत्तरी ।**
सदरमुकाम जलेश्वरस्थित राविम क्याम्पसमा मधेश प्रदेशका नवनियुक्त शिक्षामन्त्री रानी कुमारी तिवारीको स्वागत कार्यक्रममा थमन विकको हत्याको आरोपमा महोत्तरी जिल्ला अदालतबाट दोषी करार भई फरार सूचीमा रहेका क्याम्पस व्यवस्थापक समितिका अध्यक्ष देवेन्द्र चौधरी उपस्थित भएपछि विद्यार्थीले विरोध गरेका छन् ।

कार्यक्रममा प्रमुख अथितिका रुपमा शिक्षामन्त्री तिवारीका साथै राजनीतिक दलका नेता एवम् शिक्षकको उपस्थिति थियो ।

कार्यक्रम शुरुवात भएलगत्तै विद्यार्थीले व्यवस्थापन समितिका अध्यक्षको विरोधमा नाराबाजी गरेका थिए । शुरुवातदेखि नै अध्यक्षले विकास तथा अध्ययन अध्यापनको अवरोधक रहेको आरोप लागेको छ ।

राविम क्याम्पस जलेश्वरको बिगत सात वर्षदेखि व्यवस्थापन समिति सदस्यसमेत रहेका मन्त्री तिवारीले हालसम्म विद्यार्थी हकहितका विषयमा नभएर पदीय लाभ मात्र लिएकाले पनि बिरोध गरेको विद्यार्थीको तर्क थियो । यसैबीच राविम क्याम्पस जलेश्वरका सबै विद्यार्थी नाराबाजी र विरोध गर्दै कार्यक्रमबाट बाहिरिएका थिए ।

NATIONAL MEDICAL COLLEGE
Birgunj -15 Parsa (Nepal)
नेपाल सरकारद्वारा प्रदान गरिने सेवाहरू :
स्वास्थ्य बीमामा पाइने सेवाहरू:
बीमाद्वारा तोकिएको कुनै पनि सेवा प्रदायक अस्पतालबाट ओ.पी.डी. सेवा, आकस्मिक सेवा, अन्तरङ्ग सेवा र सूचीकृत औषधी नि:शुल्क प्राप्त गर्न सक्नेछन् ।
विपन्न नागरिक औषधी उपचारमा पाइने सेवाहरू :
विपन्न नागरिक औषधी उपचार कार्यक्रम अन्तर्गत मुटु तथा हेड एण्ड स्पाइन शल्यक्रिया औषधी उपचारमा १ लाख सम्म सहुलियत पाउने छन् ।
यही भदौ १ गते ,२०८१ बाट सेवाहरू सुचारु भएको हुनाले सम्पूर्णमा जानकारी गराउँद छौं।
थप जानकारीको लागि सम्पर्क नं.
०५१-५९११०१४, ५९१३२०
051-5911014,591320 nmc@nmcbir.edu.np nmcbir.edu.np

## अनुलाई १५ लाख धरौटी

**मधेशदृष्टि**
**राजविराज ।**
विपन्न नागरिकको उठिबास लगाएका मिटरब्याजी रामदेव साहु तेलीकी छोरीलाई १५ लाख रुपैयाँ धरौटीमा थुनामुक्त गर्न सप्तरी जिल्ला अदालतले आदेश दिएको छ । खडक नगरपालिका–७ कल्याणपुरकी मिटरब्याजी तेलीकी छोरी अनुराधालाई जिल्ला अदालतका न्यायाधीश सञ्जीव पोखरेलको इजलासले आइतबार धरौटी लिएर थुनामुक्त गर्न आदेश दिएको स्रेस्तेदार कृष्णप्रसाद अधिकारीले जानकारी दिए ।

मिटरब्याजी तेलीसहित आठजनाविरुद्ध सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले जिल्ला अदालतमा बुधबार अभियोगपत्र दायर गरेको हो । रामदेवसहित श्रीमती शिवकुमारी देवी, छोराहरू नन्दकिशोर र विपिनकुमार, छोरीहरू पुषा साह र अनुराधाकुमारी साह, नाति चन्दनकुमार साह र कैलाश साहलाई प्रतिवादी कायम गरेर उनीहरूविरुद्ध १३ करोड ५५ लाख ७८ हजार ८ सय २६ रुपैयाँ बिगो दाबी गरिएको थियो ।

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ (संशोधनसहित)को दफा ३० को उपदफा (१) बमोजिम बिगोको दोब्बर जरिवाना र कसुरको मात्राअनुसार कैद सजाय हुनका साथै निजको नाममा रहेको तपसिलबमोजिमको सम्पत्ति तथा साधन सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ (संशोधनसहित) दफा ३४ को उपदफा (१) बमोजिम जफत हुन मागदाबी गर्दै अदालतमा आरोपपत्र दायर भएको छ ।

परिबन्धमा परेका विपन्नलाई ऋण लगाएर रामदेवले मिटरब्याजमा रकम असुल्नुका साथै उनीहरूको जग्गासमेत कब्जा गरेका छन् । निमुखामाथिको यस्तो अत्याचार गर्नेमा साहुकारको पूरै परिवार संलग्न रहेको अभियोग छ । खडक नगरपालिका कल्याणपुरका मिटरब्याजी तेलीको खोजीमा रहेको सप्तरी प्रहरीले उनका छोरा नन्दकिशोरलाई धरान बजारबाट र छोरी अनुराधालाई काठमाडौँबाट पक्राउ गरेको थियो । जिल्ला अदालतका न्यायाधीश सूर्यनाथप्रकाश अधिकारीको इजलासले ४४ वर्षीय नन्दकिशोर साह र उनकी दिदी अनुराधा साहलाई २०७९ असार २२ गते पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा पठाएको थियो । त्यसपछि छोरा र छोरीलाई जनही ५० लाख रुपैयाँ धरौटीमा थुनामुक्त गर्न सर्वोच्च अदालतले आदेश दिएको थियो । असार २६ गते धरानबाट पक्राउ गरिएको मिटरब्याजी रामदेव साह तेलीकी श्रीमती शिवकुमारीलाई २५ लाख रुपैयाँ धरौटीमा थुनामुक्त गर्न जिल्ला अदालतले आदेश दिएको छ ।

ठगी तथा आपराधिक विश्वासघात गरेको भन्दै साहुकार रामदेवसँगै उनकी श्रीमती शिवकुमारी, छोरा नन्दकिशोर, छोरीहरू रेणुकुमारी र अनुराधा, नाति २१ वर्षीय चन्दनकुमार र धनुषा खरिहानी टोल बस्ने कैलाश साहविरुद्ध सप्तरीका १७ जनाले उजुरी दिएका थिए । नन्दकिशोर, अनुराधा र श्रीमती शिवकुमारीबाहेक चारजना फरार छन् । उजुरी परे पनि अनुसन्धानमा प्रहरीले आलटाल गर्दै आएको थियो। तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले साहुकार रामदेवलाई पक्राउ गरी कारबाही गर्न निर्देशन दिएका थिए । तर, अझैसम्म मिटरब्याजी रामदेव साहसहित उनका परिवारका अन्य सदस्य पक्राउ परेका छैनन् ।

## जलवायु परिवर्तनको मुद्दामा मिलेर अघि बढौँः राष्ट्रपति

**मधेशदृष्टि**
**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलसँग भारतीय विदेश सचिव विक्रम मिस्रीले शिष्टाचार भेटवार्ता गरेका छन् । राष्ट्रपति भवन शीतल निवासमा आइतबार भएको भेटमा द्विपक्षीय आपसीहित र सम्बन्धका विविध विषयमा कुराकानी भएको राष्ट्रपति कार्यालयले जनाएको छ ।

राष्ट्रपति पौडेलले जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि नेपाल–भारत मिलेर काम गर्नुपर्ने बताएका थिए । राष्ट्रपति पौडेलले नेपाल–भारतबीच अनादिकालदेखि जनस्तरसम्मको सम्बन्ध रहेको र नेपालको विकासमा भारतको ठूलो सहयोग रहेको उल्लेख गर्दै सचिव मिस्रीको कार्यकालमा दुवै देशबीचको सम्बन्ध अझ प्रगाढ हुने विश्वास व्यक्त गरे । भारतीय विदेश सचिव मिस्रीले जलवायु परिवर्तनको असर न्यूनीकरणको विषय दुवै देशका लागि चुनौती रहेकाले यसमा मिलेर काम गर्ने प्रतिबद्धता व्यक्त गरे । नेपाल सरकारका कैयौँ योजनामध्ये ऊर्जा, कृषि, पर्यटनजस्ता नेपालको प्राथमिकतमा भारत पनि काम गर्न इच्छुक रहेको उनले बताए ।

**प्रधानमन्त्रीसँग शिष्टाचार भेट**
प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष नेपाल भ्रमणमा रहेका भारतीय विदेश मन्त्रालयका सचिव विक्रम मिस्रीले सिंहदरबारमा शिष्टाचार भेटवार्ता गरेका छन् । भेटका अवसरमा दुईपक्षीय र मित्रवत् सम्बन्धलाई अझै मजबुत बनाउनेबारेमा छलफल भएको छ । भेटमा परराष्ट्र मन्त्रालयका सचिव सेवा लम्सालगायत सहभागी थिए । विदेश सचिव मिस्री सोमबार काठमाडौँबाट प्रस्थान गर्नेछन् ।

**दाहालसँग शिष्टाचार भेट**
नेपाल भ्रमणमा रहेका भारतीय विदेश सचिव विक्रम मिस्रीले पूर्वप्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सँग भेटवार्ता गरेका छन् ।

## कर्मचारीको आन्दोलनमा ऐक्यबद्धता

**मधेशदृष्टि**
**वीरगंज ।**
करारका कर्मचारीको जारी आन्दोलनमा दलीय ऐक्यबद्धता जनाइएको छ । पर्साको कालिकामाई गाउँपालिकामा करार कर्मचारीको जारी आन्दोलनमा सत्तारुढ दल नेकपा एमाले र नेपाली कांग्रेससहित ऐक्यबद्धता जनाएका छन् । एमाले र कांग्रेसका पालिका समितिले विज्ञप्तीमार्फत करारका कर्मचारीको आन्दोलनमा ऐक्यबद्धता जनाएका हुन् । आन्दोलनरत करार कर्मचारीहरूको माग पूरा नभए कडा आन्दोलनमा उत्रिने दुवै दलले चेतावनीसमेत दिएका छन् । एमालेको पालिका कमिटी सचिव विजय साह गोढले विज्ञप्तीमा पालिका अध्यक्षको अदूरदर्शिता र अनुभवहीन कामले परिषद्, बजेट तर्जुमा तथा जनताले पाउने सेवासुविधा प्रभावित हुनुका साथै भ्रष्टाचार र बेथिति मौलाएको आरोप लगाएका छन् ।

त्यस्तै कांग्रेसको कालिकामाई पालिका समितिका सचिव रामानन्द ठाकुरद्वारा जारी विज्ञप्तीमा पनि कर्मचारीहरूको माग पूरा नगरे पार्टीबाट जनदबाब सिर्जना गरी पालिकाको सम्पूर्ण कामकाज ठप्प गर्ने चेतावनी दिएको छ ।

*आफ्नो अमूल्य समयलाई अरुले लेखेको र भोगेको कुराबाट आफैँलाई सुधार्न लगाऊ, किनभने तिमीले त्यो कुरा सहजै थाहा पाउँदछौ, जुन कुरा उनीहरुले कठिन मिहेनत र भोगाईबाट पत्ता लगाएका थिए ।*
*–सुकरात*

## सम्पादकीय

# महायज्ञ र मायाघर निर्माण अभियान

*मधेश प्रदेशको महोत्तरीस्थित बर्दिबासमा हाम्रो मायाघर निर्माणका लागि महायज्ञ भइरहेको छ । शिवपुराण महायज्ञमा करिब २ करोड रुपैयाँ संकलनको प्रतिवद्धता प्राप्त भएको आयोजकले जनाएको छ । कथावाचिका राधिका दासीले निःशुल्करुपमा कथावाचन गरेर सडक मानवलाई आश्रम निर्माणमा साथ दिएकी छिन् । उनी हाम्रो मायाघरकी प्रमुख संरक्षिका पनि रहेकी छिन् । बर्दिबास पूर्वी नेपाल तथा मधेश प्रदेश र बागमती प्रदेशका आवागमनलाई जोड्ने त्रिवेणी पनि हो । भारतीय सीमा बजारबाट पनि निकट नै रहेको बर्दिबासमा सडकका मानवलाई आश्रम निर्माण गर्ने पवित्र उद्धेश्यले महायज्ञ लगाइएको हो । आश्रमका लागि जग्गा जुटेको छ । डिपिआर पनि भइसकेको छ । ११ करोड रुपैयाँ भन्दा बढी रकम लाग्ने आश्रम निर्माण शुरु गर्न आयोजकले महायज्ञ लगाए । करिब २५ लाख रुपैयाँ खर्च गरेर महायज्ञ लगाउने र यसबाट डेढ करोड रुपैयाँ संकलन हुने आयोजकको अपेक्षा थियो । तर नगद नै ८६ लाख रुपैयाँ संकलन भएको र दुई करोड रुपैयाँ भन्दा बढीको प्रतिवद्धता पाइएपछि आयोजक निकै खुशी भएका छन् ।*

*हिन्दू धर्मको एउटा पुण्यकाममा जोडिने गरेको छ महायज्ञ अभियान । महायज्ञले थुप्रै शैक्षिक अभियान पूरा भएका छन् । विद्यालय भवन, कलेज भवनका पूर्वाधारका लागि पनि महायज्ञहरु सार्थक भएका छन् । आज नेपालका धेरै पूर्वाधार निर्माणमा यस्तै महायज्ञहरुले साथ दिएका छन् । यही क्रममा पछिल्लो समय सामाजिक अभियानलाई पनि महायज्ञहरु सहायक विकल्प भएका छन् । आम मानिसलाई दानका लागि आह्वान गर्ने एउटा थलो बनेको छ महायज्ञ । यसमा प्रदेश र स्थानीय सरकारहरु पनि आउन थालेका छन् । सामाजिक अभियानलाई सार्थक बनाउन आयोजना भएको बर्दिबासको महायज्ञमा देखिएका सर्वसाधारणले निकै उत्साहका साथ सहभागिता मात्र जनाएका छैनन् । सकेको दान पनि गरेर एउटा महाअभियानलाई खुला दिलले साथ दिएका छन् । धर्मका नाममा हुने यस्ता पुण्य कार्यहरुले समाजमा सकारात्मक सन्देश नै प्रवाह गरेको छ । यस्तो सन्देश प्रवाह हुँदा अन्य स्थानमा पनि यो अभियान सफल हुनसक्छ कि भनेर त्यहाँ पनि आयोजकहरु जुट्न सक्छन् । यसपटक बर्दिबासमा गरिएको शिवपुराण महायज्ञले दिएको सार्थक सन्देश यही हो ।*

*हामीले राम्रो उद्देश्य बोकेर थालिएको अभियानलाई साथ दिनु पर्छ । बर्दिबासमा भइरहेको महायज्ञलाई पनि धेरैले सकेको मदत गरेका छन् । यस्ता अभियानहरुले आफ्ना आवश्यकताका पूर्वाधार निर्माण गर्न सकेको खण्डमा धर्मका नाममा पनि अनुष्ठानहरु आयोजना गर्न उत्प्रेरित गर्नु पर्छ । कसैलाई करकाप र दबाबमा नपारी गरिने स्वयमसेवी अभियानहरु नै दीगो र सार्थक देखिएका छन् । पछिल्लोसमय महायत्र शैक्षिक उन्नयनका अलावा सामाजिक अभियानका लागि पनि सहयोगी हुने गरेको पाइएको छ । बर्दिबासमा चलिरहेको महायज्ञमा सबैले साथ दिउँ, सकेको मदत गरौँ । धार्मिक कार्यमा आममानिसको साथ रहे पक्कै अभियान सार्थक बन्नेछ र योजना पनि सफल हुनेछ ।*

# युवालाई रोजगारी र उद्यमशीलतामै समस्या



**शरद शर्मा**



विश्वभर आज साउन २८ गत अर्थात् अगस्त १२ तारिख अन्तर्राष्ट्रिय युवा दिवस मनाइँदैछ । नेपालमा पनि विभिन्न कार्यक्रम गरी यो दिवस मनाउन लागिएको छ । युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीको संयोजकत्वमा दिवस मनाउनका लागि मूल समारोह समिति समेत गठन भएको छ । सरकारले यसरी वर्षेनि विभिन्न कार्यक्रम गरी युवा दिवस मनाउने थालेको २० वर्ष पुग्न थाल्यो । तर दिवस एक दिन मनाउनमा मात्र केन्द्रित भएको युवाहरुको बुझाइ रहेको छ ।

युवा लक्षित गरी सरकारले ल्याइएका कार्यक्रम कार्यान्वयन प्रभावकारी नहुँदा युवाका मुद्दा अपेक्षाकृतरुपमा सम्बोधन हुन नसकेको उनीहरुको गुनासो छ । अहिले युवाको मुख्य समस्या वेरोजगार रहेको छ । स्वदेशमा रोजगारी र उद्यमशीलताको अवसर नहुँदा वार्षिक सात लाखभन्दा बढी युवा रोजगारीका लागि विदेशमा जाने गरेको विभिन्न सरकारी तथ्याङ्क रहेको छ । राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेतले सरकारले युवा लक्षित ल्याइएका कार्यक्रम प्रभावकारी कार्यान्वयन नहुँदा रोजगार र उद्यमशीलतामा समस्यामा परेको बताउनुहुन्छ ।

उहाँले सबैले युवाको चिन्ता गर्ने गरेको तर कसैले पनि व्यवस्थापन नगरेको गुनासो गर्नुभयो । उहाँले युवालाई शासन प्रक्रियामा हिस्सादार बनाए मात्र युवाका समस्या समाधान हुने बताउनुहन्छ । 'अहिले युवाको समस्या ठूलो समस्या बेरोजगार रहेको छ,' उहाँले भन्नुभयो, 'रोजगार र उद्यमशीलता बनाउनका लागि सरकार गम्भीर बन्नुपर्दछ ।'

सरकारले सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि २०७५ ल्याएको छ । तर उक्त कार्यविधि हुने खाने र टाठाबाठाले मात्र अनुदान प्राप्त गरेका छन् । परिषद्का उपाध्यक्ष बस्नेतले राज्यले युवालाई सके रोजगार नभएर उद्यमशीलता बनाउनुपर्नेमा जोड दिनुहुन्छ । 'राज्यले ल्याएको कार्यविधिअनुसार पनि वास्तविक युवाले अनुदान पाएका छैनन्,' उहाँले भन्नुभयो, 'कार्यविधिअनुसार युवालाई ऋण पाउन पनि प्रक्रिया कठिन रहेको छ ।'

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा युवा (राष्ट्रिय नीतिअनुसार १६–४० ( वर्ष) जनसंख्या ४२.५६ प्रतिशत अर्थात एक करोड २४ लाख १२ हजार १ सय ७३ रहेका छन् । २०६८ सालको जनगणनामा युवा ४०.३५ प्रतिशत अर्थात एक करोड छ लाख ८९ हजार ८ सय ४२ रहेका थिए । पछिल्ला दुई जनसंख्याको तुलना गर्दा २.२१ प्रतिशतले नेपालमा युवाको संख्या बढेको देखिन्छ । जनसांख्यिक हिसाबले युवाको जनसंख्या धेरै रहेको छ । जनसंख्यासँगै नीतिनिर्माण र नेतृत्वमा युवाको सहभागिता बढ्दो छ ।

सङ्घमा १२ प्रतिशत, प्रदेशसभामा २० प्रतिशत र स्थानीय तहमा ४१ प्रतिशत युवाको जनप्रतिनिधिमा सहभागिता छ । परिषद्का उपाध्यक्ष बस्नेतले युवाको जनसांख्यिक लाभलाई फाइदा उठाउँदै युवा भविष्यका कर्णाधार र वर्तमानका अंशियार बनाउनु आवश्यक रहेको बताउनुहुन्छ । उहाँले युवालाई नै स्वदेशमा रोजगारी र उद्यमशीलता बनाउन सके मुलुकले विकासमा फड्को मार्ने बताउनुभयो । अहिले नागरिक १६ वर्षमा दिइन्छ तर मतदानमा १८ वर्ष पुगेपछि मात्र सहभागी गराइन्छ । यसलाई पुनर्विचार गर्दै १६ वर्षमा मतदान प्रक्रियामा सहभागी गराउनुपर्ने उहाँको जोड छ ।

सरकारले युवा विकास तथा परिचालनका लागि २०६५ सालमा युवा तथा खेलकुद मन्त्रालय गठन गरेको थियो । यस्तै पहिलोपटक युवाको नेतृत्व तथा क्षमता विकास, उद्यमशीलताको विकास र स्वरोजगार, युवाको पहुँच र सहभागिताको सुनिश्चितसँगै समृद्ध राष्ट्र निर्माण गर्ने उद्देश्यसहित २०७२ साल फागुनमा राष्ट्रिय युवा परिषद् गठन गरिएको थियो । युवालाई स्वरोजगार बनाउनका लागि 'युवा स्वरोजगार कोष' पनि स्थापना गरिएको छ ।

राष्ट्रिय युवा नीति २०७२ र 'युथ भिजन २०२५' ले पनि युवा विकासका व्यापक विषयलाई नीतिगत रूपमा समावेश गरेको छ । यस्तै प्रदेश, जिल्ला र स्थानीय तहमा पनि युवाका संरचना तयार गरिएका छन् । प्रदेश युवा परिषद्, जिल्ला युवा समिति र युवा क्लब सञ्जाल गठन गरिएका छन् । परिषद्ले सात सय ५३ स्थानीय तहमा नगर–गाउँ परिषद् गर्नुपर्नेमा अहिले कार्यपालिकाद्वारा १६ स्थानीय तहमा मात्रै परिषद् र ६५ वटा स्थानीय तहमा युवा सञ्जाल गठन भएका छन् । प्रदेश स्तरमा लुम्बिनी, बागमती र सूदुरपश्चिममा युवा परिषद् गठन गरिएको छ । तर पनि युवाका मुद्दा सम्बोधन हुन सकिरहेका छैनन् ।

राष्ट्रिय युवा परिषद्का सदस्य जगदीश ऐरले युवालाई स्वदेशमा राज्यले उपयोग गर्नुपर्ने बताउनुहुन्छ । उहाँले देशको ठूलो जनसंख्या युवा भए पनि राज्यले उपयोग गर्न नसक्दा विदेशिएको बताउनुहुन्छ । उहाँले स्थानीय सरकारले युवामैत्री नीति ल्याएर ऋण प्रणाली, रोजगारीमुखी नीति र श्रम बैंक स्थापना गर्नुपर्नेमा जोड दिनुभयो । 'युवा पलायनलाई रोकेर युवा लक्षित रोजगार र उद्यमशीलताका कार्यक्रम ल्याउन सक्नुपर्दछ,' उहाँले भन्नुभयो, 'अनि मात्र युवाको उपयोग भई मुलुकको अर्थतन्त्रमा टेवा पुग्दछ ।'

परिषद्का उपाध्यक्ष बस्नेत युवाको विकासका लागि लक्षित गरी बनेका ऐन र नीति कार्यान्वयन हुन नसकेको गुनासो गर्नुहुन्छ । उहाँले युवासँग सम्बन्धित नीति कार्यान्वयनका लागि बजेटको उपलब्धता अन्त्यन्तै सीमित भएकाले पनि कार्यान्वयनमा समस्या भएको बताउनुभयो । राज्यले पनि युवालाई राजनीतिक मुद्दामा उपयोग मात्र गरेर तर प्राथमिकतामा राख्न नसकेको उहाँको गुनासो छ ।

सन् १९९८ अगस्ट ८ देखि १२ तारिखसम्म संयुक्त राष्ट्रसङ्घको समन्वयमा पोर्चुगलको राजधानी लिस्बनमा विश्वका एक सय ४० देशका युवा मामिला हेर्ने मन्त्रीहरूको सहभागितामा विश्व युवा सम्मेलन भएको थियो । त्यस सम्मेलनले आआफ्ना देशमा राष्ट्रिय युवा नीति तर्जुमा गर्ने साझा प्रतिबद्धता जनाउनाका साथै युवा सशक्तिकरणका पक्षमा ८८ बँुदे लिस्बन घोषणापत्र समेत जारी गरेको थियो । त्यसपछि सन् २००० देखि ऐतिहासिक घोषणा भएको अगष्ट १२ लाई आधार मान्दै हरेक वर्ष विश्वव्यापी रुपमा अन्तर्राष्ट्रिय युवा दिवस मनाउन थालियो । यो दिवसलाई संसारभर युवा हकहित र सशक्तिकरणका लागि बहस र पैरवी गर्ने उत्सवका रुपमा मनाउन थालियो । त्यससँगै संसारका विभिन्न देशमा आआफ्नै आवश्यकता र परिवेशअनुसार राष्ट्रिय युवा नीति निर्माण गर्ने सिलसिला पनि अघि बढ्को पाइन्छ ।

नेपालमा भने युवासँग काम गर्ने सङ्घसंस्थाको अगुवाइमा पहिलोपटक सन् २००४ देखि यो दिवस मनाउन थालिएको हो । परिषद्कै अगुवाइमा २०७३ सालदेखि युवा दिवस मनाउन थालिएको हो । नेपालमा यसवर्ष 'दिगो विकास लक्ष्यमा प्रगति र समृद्धिः डिजिटल प्रविधिमा युवा पहुँच अभिवृद्धि' भन्ने मूल नाराका साथ दिवस मनाउन लागिएको छ । राष्ट्रिय युवा सङ्का अध्यक्ष क्षितिज थेवेले राज्यले युवाको मनोभाव नबुझेर युवाको समस्या समाधान हुन नसकेको बताउनुभयो । उहाँले युवालाई राज्यले रोजगारी दिन नसके पनि उद्यमशीतलता बनाउन सक्ने भन्दै उद्यमी बन्न चाहने युवालाई बिना धितोमा ऋण उपलब्ध गराउनुपर्ने बताउनुहुन्छ । उहाँले युवालाई कम्पनी खोल्नेदेखि ऋण लिनेसम्मको प्रक्रियामा झन्झटिलो भएको बताउनुहुन्छ । उहाँ युवालाई लक्षित गरी उद्यम र स्वरोजगारका कार्यक्रम ल्याउन राज्यले ठोस कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउनुहुन्छ ।

सङ्घका अध्यक्ष थेवेले युवासंँग उद्यमशीलता बन्नका लागि सुरुआतमा नै पुँजी नभएकाले उनीहरुको सोच, प्रस्तावलाई नै धरौटीका रुपमा राखेर ऋण उपलब्ध गराउनुपर्ने बताउनुभयो । 'हामीसँग कुनै पनि व्यवसाय गर्नका लागि धितो राख्नका लागि कुनै पैतृक सम्पत्ति हुँदैन,' उहाँले भन्नुभयो, 'त्यसैले युवाले ऋण निकाल्नका लागि धितो राख्न सक्दैनन् । ती युवाले व्यवसाय गर्नका लागि तयार गरेको सोच, धारणा र प्रस्तावलाई नै आधार मानेर ऋण उपलब्ध गराउनुपर्दछ । अनि मात्र युवालाई उद्यमशीलता बनाउन सकिन्छ ।'

सङ्घका अध्यक्ष थेवेले शैक्षिक प्रमाणपत्र धितो राखेर युवालाई ऋण उपलब्ध गराउनुपर्नेमा जोड दिनुहुन्छ । उहाँले युवा नीति २०७२ लाई अहिलेको परिवर्तित अवस्थामा संशोधन आवश्यक रहेको बताउनुभयो । तरुण दलका नेता विद्धान गुरुङले राज्यले सवै युवा सङ्गठनको सुझावअनुसार युवाका समस्या समाधान गर्न आग्रह गर्नुभयो । 'युवालाई राज्यका हरेक निकायमा सहभागी राज्यले गराउनुपर्दछ,' उहाँले भन्नुभयो, 'युवालाई युवाका समस्या समाधान गर्न भूमिका दिंदा राम्रो हुन्छ ।' उहाँले युवालाई कृषिसंँग जोड्नसके धेरै युवा स्वदेशमा नै उद्यमशीलता बनाउन सकिने धारणा राख्नुभयो । उहाँले युवालाई नीति निर्माणको तहमा पु¥याउन नसक्दा अपेक्षाकृत सफलता हासिल हुन नसकेको बताउनुभयो । योङ कम्युनिष्ट लिग (वाइसिएल)का अध्यक्ष सुवोध सेर्पालीले वर्षमा एक दिन मनाइने युवा दिवसले युवाका माग सम्बोधन गर्न नसक्ने बताउनुभयो । उहाँले युवालाई आत्मनिर्भर बनाउनका लागि स्वरोजगारमुखी कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउनुहुन्छ । 'युवालाई बिना झन्झट ऋण र अनुदान उपलब्ध गराउने हो भने युवा विदेश जाँदैनन्,' उहाँले भन्नुभयो, 'राज्यले प्राविधिक सहयोग उपलब्ध गराएर युवालाई उद्यमी बनाउनु पर्दछ ।'

अहिले युवाका कार्यक्रम छरिएर रहेका छन् । ती छरिएर रहेका कार्यक्रमलाई एकद्वारमार्फत एकीकृत गर्न आवश्यक रहेको परिषद्का उपाध्यक्ष बस्नेतले बताउनुभयो । अहिले १४ वटा मन्त्रालयमा युवा लक्षित कार्यक्रम सञ्चालन गरिरहेको छ । 'हामीले युवा लक्षित सबै कार्यक्रम एकद्वार प्रणालीअन्तर्गत परिषद्बाट गरौँ भनेर पटकपटक सरकारले ध्यानाकर्षण गरायौँ । तर ती कार्यक्रम एकीकृत गर्न नसक्दा प्रभावकारी हुन सकेका छैनन्,' उहाँले भन्नुभयो, 'छरिएर रहेका कार्यक्रमबाट युवाका क्षेत्रमा प्रतिफल पाउन सकिएको छैन ।' रासस

## श्रम

# श्रम आप्रवासन नीतिको मस्यौदा हस्तान्तरण

श्रम आप्रवासन नीतिको मस्यौदा तयार गर्न गठित विज्ञ टोलीले तयार पारेको मस्यौदा सरकारलाई बुझाएको छ । आइतबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा विज्ञ टोलीका संयोजक डा गणेश गुरुङले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीलाई मस्यौदा हस्तान्तरण गर्नुभएको हो ।

मन्त्री भण्डारीले राष्ट्रिय आप्रवासन नीति निर्माणका लागि मस्यौदा प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले समग्र श्रम आप्रवासन क्षेत्रको समस्या र चुनौती पहिचान गर्दै तयार पारिएको मस्यौदालाई सरकारी नीतिका रुपमा कार्यान्वयनमा ल्याउने बताउनुभयो ।

उहाँले आप्रवासी नीतिले भइरहेको व्यवस्था र प्रणालीलाई व्यवस्थित एवम् मर्यादित बनाउने, आप्रवासी श्रमिकलाई स्वदेशमा फिर्ता ल्याउने र विश्व बजारको मागअनुसार श्रम जनशक्ति उत्पादनलाई प्राथमिकता दिने बताउनुभयो । 'दिनहुँ हजारौँ मान्छे वैदेशिक रोजगारमा गइरहेका छन्, हामीले भाषण र दोषारोपन गरेर यो रोकिने अवस्था छैन । रोजगारीको विकल्प रोजगारी नै हो,' उहाँले भन्नुभयो, 'नेपाली आप्रवासी श्रमिकको उचित श्रम मूल्य र मूल्याङ्कन हुनुपर्छ त्यसका लागि अब बन्ने आप्रवासी नीति र सरकारको परराष्ट्र नीतिमा हामीले ध्यान केन्द्रित गर्नु आवश्यक छ ।'

डा. गुरुङको संयोजकत्वमा गठित टोलीले नौ महिना लगाएर मस्यौदा तयार गरेको हो । मस्यौदामा छ वटा नीति, २४ वटा रणनीति र रणनीति सम्बोधनका लागि एक सय १३ वटा कार्यविधि राखिएको संयोजक गुरुङले जानकारी दिनुभयो ।

सुरक्षित, व्यवस्थित र मर्यादित श्रम आप्रवासन, आन्तरिक रोजगारी र समृद्धिको दूरदृष्टिसहित राष्ट्रिय नीतिको मस्यौदा तयार गरिएको डा. गुरुङको भनाइ छ । 'अन्तर्राष्ट्रिय श्रम बजारको मागअनुरुप सुसूचित, सीपयुक्त, प्रतिस्पर्धी र व्यावसायिक श्रमशक्तिका विकासद्वारा श्रम आप्रवासनलाई स्वदेशमै स्वरोजगार बनाइ बाध्यकारी श्रमको अन्त्य गर्नु यसको उद्देश्य हो,' डा. गुरुङले भन्नुभयो ।

मस्यौदामा श्रम आप्रवासन व्यवस्थापन सुशासन कायम गर्ने र श्रम आप्रवासनसम्बन्धित सूचना र सेवामा सबैको पहुँच विस्तार गर्ने नीति छ । आप्रवासी श्रमिकको मानव अधिकारको संरक्षण गर्ने एवम् लैङ्गिकताका कारण हुनसक्ने सबै किसिमका जोखिम न्यूनीकरण गर्ने नीति समावेश गरिएको छ ।

मस्यौदामा आन्तरिक रोजगारीलाई प्राथमिकतामा राखी गन्तव्य मुलुकको श्रमबजारको माग र प्रवृत्तिअनुसार श्रमिकको सीप, दक्षताको पहिचान गर्ने उल्लेख छ । यस्तै श्रम आप्रवासनबाट फर्किएका श्रमिकको दिगो र सम्मानजनक पुनःएकीकरण गर्दै सामाजिक सुरक्षा सुनिश्चित गर्नेदेखि राष्ट्रियहित र आवश्यकताअनुरुप देशमा कार्यरत विदेशी श्रमिकको नियमन तथा व्यवस्थापन गर्ने मस्यौदामा समावेश छ । मन्त्रालयले मस्यौदामाथि थप सुझावका लागि आफनो वेबसाइटमार्फत सार्वजनिक गर्ने जनाएको छ ।

## अन्तर्राष्ट्रिय

# 'छिटो चुनाव नगरिए बङ्लादेशमा अस्तव्यतता छाउने'

बङ्गलादेश पूर्व प्रधानमन्त्री शेख हसिना वाजेदका छोरा सजीब वाजेदले आइतबार नयाँ दिल्लीलाई 'आफ्नो आमाको जीवन बचाएकोमा' धन्यवाद दिँदै बङ्गलादेशमा अन्तरिम अधिकारीहरूले 'भीडको शासन' गर्न दिएको आरोप लगाउनुभएको छ । उहाँले निर्वाचन बिना यही अवस्था लम्बिएमा देश अराजकतातर्फ जाने चेतावनी दिनुभएको हो । प्रधानमन्त्री पदबाट राजीनामा दिई ७६ वर्षीया शेख हसिना गत सोमबार मित्र राष्ट्र भारततर्फ जानुभएको थियो । पूर्वप्रधानमन्त्री हसिनाको सरकारमाथि १५ वर्षे कार्यकालका क्रममा उहाँका हजारौं राजनीतिक विरोधीहरूको गैरन्यायिक हत्यासहित व्यापक मानव अधिकार उल्लङ्घनको आरोप लगाइएको छ ।

उहाँ भारत आएपछि सेनाले उहाँको राजीनामाको घोषणा गरेको थियो र त्यसपछि विद्यार्थीको मागमा नोबेल शान्ति पुरस्कार विजेता ८४ वर्षीय मोहम्मद युनुसलाई अन्तरिम प्रशासनको नेतृत्व सुम्पिएको छ । अमेरिकामा बस्दै आएका हसिनाका छोरा तथा पूर्व सरकारका सल्लाहकार ५३ वर्षीय सजीब वाजेद जोयले अन्तरिम सरकारको आलोचना गर्दै यसलाई 'पूर्णतया शक्तिहीन' सरकारको संज्ञा दिनुभएको छ ।

उहाँले एएफपीलाई वासिङ्टनबाट दिएको अन्तर्वार्तामा भन्नुभएको छ, 'अहिले बङ्गलादेशमा भीडको शासन छ । प्रदर्शनकारीको मागमा प्रधान न्यायाधीश, केन्द्रीय बैंकका गभर्नर र प्रहरी प्रमुखलगायत उच्च अधिकारीलाई पदबाट हटाइएको छ ।' उहाँले भन्नुभयो, 'यदि भोलि भीडले 'हामी अन्तरिम सरकारमा रहेका व्यक्तिलाई परिवर्तन गर्न चाहन्छौं' भन्यो भने उनीहरूलाई परिवर्तन गर्नुपर्छ ।' युनुसले 'केही महिनाभित्रै चुनाव होस् भन्ने चाहेको' बताउँदै आउनुभएको छ तर वाजेदले चुनावमा ढिलाई भए अराजकता बढ्ने चेतावनी दिनुभएको छ । उहाँले भन्नुभयो, 'जनताको वैधानिकता र साँचो अधिकार भएको वैध सरकारमा फर्कन निर्वाचन गराउनु उनीहरूको हितमा छ । अन्यथा, यो केवल अराजकतामा परिणत हुनेछ ।' हसिनाले जनवरीमा भएको चुनावमा विजय हासिल गर्नुभएको थियो तर विपक्षी नेताहरूलाई जेलमा थुनेर हुने चुनाव स्वतन्त्र वा निष्पक्ष हुन नसक्ने भन्दै वास्तविक प्रतिद्वन्द्वीहरूले निर्वाचन बहिष्कार गरेका थिए ।

हसिना भागेपछि लाखौँको संख्यामा रहेका उहाँको अवामी लिगका सदस्यहरू लुकेर बसेका छन् । उनीहरूमाथि प्रतिशोधपूर्ण आक्रमण भएको छ र पार्टी कार्यालयमा आगजनी गरिएको छ । तर वाजेदले करिब १७ करोड जनसंख्या रहेको दक्षिण एसियाली राष्ट्रको राजनीतिक भविष्यका लागि हसिनाको दल आवामी लिग महत्वपूर्ण रहेको दाबी गर्नुभयो ।

'हामीसँग दशौं लाख अनुयायीहरू छन् । उनीहरू कतै जाँदैनन्,' उहाँले भन्नुभयो, 'अवामी लिगबिना बङ्गलादेशमा प्रजातन्त्र स्थापना गर्न सकिँदैन । कमसेकम देशका आधा जनताले यसलाई कहिल्यै स्वीकार गर्ने छैनन् ।'

बङ्गलादेश नेशनलिस्ट पार्टी (बिएनपी) जस्ता पूर्व विपक्षी समूहहरूले वर्षौंको दमनबाट ट्रेको सङ्गठनको पुनर्निर्माण गरिरहेका छन् । बिएनपीले सोमबारदेखि ढाकामा शान्तिपूर्ण जन ¥याली आयोजना गरिरहेको छ । वाजेदले बिएनपी र आवामी लिग मिलेर अघि बढ्नुपर्ने बताउनुभएको छ ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ ।

# पोखरा विमानस्थल छानबिन माग गर्दै काठमाडौँमा र्‍याली

**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय एकता अभियानको आयोजनामा माईतिघर मण्डलामा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सम्बन्धी सत्यतथ्यको छानबिन र नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीको बर्खास्तीको माग गर्दै विशाल र्‍याली सम्पन्न भएको छ । राष्ट्रिय एकता अभियानका अध्यक्ष विनय यादवको नेतृत्वमा सम्पन्न यस र्‍यालीमा सयौंको संख्यामा नागरिक, विद्यार्थी तथा विभिन्न संघ संस्थाका प्रतिनिधिहरूले सहभागिता जनाए । र्‍यालीमा पोखरा विमानस्थल चीनको बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआई)को हिस्सा नभएको र विमानस्थल निर्माणमा प्राविधिक त्रुटीहरूलाई तुरुन्त समाधान गर्नुपर्ने माग गरिएको छ । प्रदर्शनकारीहरूले ‘पोखरा विमानस्थल बीआरआईको भाग होइन’, ‘प्राविधिक त्रुटीको समाधान गर, चीनको हस्तक्षेप रोक !’ जस्ता नारा लगाउँदै विमानस्थलसँग सम्बन्धित विभिन्न मुद्दाहरूमा सरकारको ध्यानाकर्षण गराए । उनीहरूले चिनियाँ राजदूतले माफी माग्नुपर्ने, नेपालमा चीनको भू–राजनीतिक खेल विरुद्ध एकजुट हुनुपर्ने र पोखरा विमानस्थललाई ऋण जालबाट मुक्त गर्नुपर्ने मागहरू पनि अघि सारे । र्‍यालीमा सहभागीहरूले नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीको तस्वीरलाई जलाउँदै उनको बर्खास्तीको माग गरे । उनीहरूले विमानस्थलको निर्माण प्रक्रियामा कुनै पनि प्रकारको भ्रष्टाचार वा अनियमितता भएको भए त्यसको सत्यतथ्य छानबिन गर्न माग राखे । रैलीलाई सम्बोधन गर्दै यादवले सरकारलाई चीनको हस्तक्षेप रोक्न र राष्ट्रको स्वाधीनता तथा आत्मसम्मानको रक्षा गर्न आग्रह गरे । उनले विमानस्थलको प्राविधिक त्रुटीहरूलाई शीघ्र समाधान गर्न र यो विषयमा चिनियाँ पक्षको हस्तक्षेपलाई अन्त्य गर्न आग्रह गरे । र्‍याली शान्तिपूर्ण तरिकाले सम्पन्न भएको र सहभागीहरूले आफ्ना मागहरूलाई सरकारसमक्ष पुर्‍याउने प्रतिवद्धता जनाएका छन् ।

# ‘भ्रष्टाचारजन्य कसुरको कारबाहीमा पाँचवर्षे हदम्याद नराखौँ’

**काठमाडौँ ।**
सांसदहरुले देश विकासको बाधक मानिएको भ्रष्टाचार निर्मूल पार्न यससम्बन्धी कसुरमा संलग्नलाई हदैसम्मको सजायको व्यवस्था गर्नु अत्यावश्यक भएकामा जोड दिएका छन् । प्रतिनिधिसभा, राज्यव्यवस्था तथा सुशासन समितिको आइतबारको बैठकमा भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयकमाथि संशोधन प्रस्ताव दर्ता गराएका सांसदहरुले भ्रष्टाचारजन्य कसुरको कारबाहीमा पाँचवर्षे हदम्याद राख्न नहुने धारणा राखे । सांसद नारायणी शर्माले भ्रष्टाचार, अनियमिततामा संलग्न व्यक्तिलाई अनुसन्धानगरी कारबाही गर्न कुनै हदम्याद राख्न नहुनेमा जोड दिए । सांसद अर्जुननरसिंह केसीले पाँच वर्षपछि भ्रष्टाचारको मुद्दा नचल्ने प्रावधान हटाइनुपर्ने बताए । उनले नीतिगत निर्णयका आधारमा गरिने भ्रष्टाचारलाई निर्मूल गर्न विधेयकमा यससम्बन्धी निर्णयको स्पष्ट व्याख्या हुनुपर्नेमा जोड दिए । राज्यव्यवस्था समितिमा छलफल भइरहेको सो विधेयकमा भ्रष्टाचारजन्य कसुरमा त्यस्ता कार्य भएको थाहा पाएको पाँच वर्षभित्र मुद्दा चलाउनुपर्ने हदम्यादसहितको व्यवस्था राखिएको छ । सांसद ज्ञानु बस्नेत सुवेदीले भ्रष्टाचारमा संलग्नलाई दिइने दण्ड सजायलाई कडा बनाइनुपर्नेमा जोड दिँदै भ्रष्टाचारका ठूला घटनामा संलग्नलाई जन्मकैदको व्यवस्था हुनुपर्ने धारणा राखे । सांसद रञ्जुकुमारी झाले एकपटक भ्रष्टाचारी प्रमाणित भएको व्यक्ति सधैँको भ्रष्टाचारी हुने भन्दै त्यस्तो घटनामा संलग्नलाई कडा साजयको व्यवस्था गर्नुपर्नेमा जोड दिइन् । सांसद मनिष झाले भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्र सङ्घीय अभिसन्धि अनुकूलका व्यवस्था राखेर विधेयक संशोधन गरिनु उपयुक्त हुने सुझाव राखे । सांसद नागिना यादवले भ्रष्टाचारीलाई हदैसम्मको कारबाही हुनुपर्ने मान्यतामा रहेर कडा दण्डसजायको व्यवस्था गर्न आवश्यक रहेको बताए । रासस

# जसपा नेपालद्वारा छलफलका लागि १० वटा एजेण्डा तय

**मधेशदृष्टि**
**वीरगंज ।**
उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी, नेपालको केन्द्रीय कार्य समिति बैठक सुरु भएको छ । ललितपुरको सानागाउँमा आइतबार बैठक सुरु भएको हो ।

चार दिनसम्म चल्ने बैठकले छलफलका लागि १० बुँदे एजेण्डा प्रस्तुत गरेको छ । वर्तमान भू–राजनीतिक परिस्थिति र नेपालको परराष्ट्र नीति तथा सम्बन्ध, नेपालको वर्तमान राष्ट्रिय राजनीतिको सन्दर्भमा पार्टीको भूमिका, नेपालको सन्दर्भमा पहिचान र राष्ट्रिय÷जातीय मुक्तिको सवाल, नेपालको सन्दर्भमा समाजवाद सम्बन्धी अवधारणा, जनता समाजवादी पार्टी, नेपालका आदर्श, वैचारिक एवम् सैद्धान्तिक अवधारणा, संविधान संशोधनको आवश्यकता र अपरिहार्यताका एजेण्डा छन् । स्थानीय तह, प्रदेश सभा र सांसदमा पार्टीको भूमिका, पार्टी विस्तार र सुदृढीकरण कार्ययोजनाको सम्बन्धमा जनपरिचालन, सदस्यता वितरण, सङ्गठन निर्माण र परिचालन, प्रशिक्षण सेमिनार, गोष्ठी, जनसभालगायतका आवश्यक कार्यक्रम निर्माण सम्बन्धमा र नेताको कार्य विभाजन तोक्ने सहितका १० वटा एजेण्डा बैठकमा छलफलका लागि तय गरिएको अध्यक्ष यादवले बताए । बैठकमा स्थानीय तह, प्रदेश सभा र सङ्घीय संसद्लाई पार्टीको तर्फबाट प्रभावकारी बनाउने विषयमा पनि छलफल हुने जसपा, नेपालले जनाएको छ ।

# नेपाल आदिवासी जनजाति पत्रकारद्वारा गढीमाई मन्दिर सरसफाइ

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) को २५ औं स्थापना दिवस तथा रजत जयन्तीको अवसरमा बाराको विश्व प्रसिद्ध गढीमाई मन्दिर सरसफाइ गरिएको छ । नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) मधेश प्रदेश समितिले आइतबार मन्दिरको सरसफाइ तथा अन्तरक्रिया गरेको हो । महासंघ मधेश प्रदेश समितिका अध्यक्ष दुष्यन्त चौधरीको अध्यक्षतामा गढिमाई मन्दिर प्राङ्गणमा सरसफाइ गर्नुको साथै गढीमाई मन्दिरको विकासमा पत्रकारको भूमिका विषयक अन्तरक्रिया कार्यक्रममा नेपाल पत्रकार महासंघ बाराका उपाध्यक्ष रामबाबु मेहता, नेपाल प्रेस युनियन मधेश प्रदेश अध्यक्ष सत्य प्रसाद श्रेष्ठ, मन्दिर व्यवस्थापन समितिका अध्यक्ष रामचन्द्र साह तेली, मन्दिरका पुजारी शिव चौधरी, नेपाल आदिवासी जनजाति पत्रकार महासंघ रौतहट शाखा अध्यक्ष बिबेक कुमार चौधरी लगायतकाले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।




# ‘हाम्रो मायाघर’ सामाजिक अभियानमा सबैको साथसहयोग छ

**सडक मानव आश्रम अर्थात् हाम्रो मायाको घरको निर्माणका लागि महोत्तरीको बर्दिवासमा शिव महापुराण महायज्ञ भइरहेको छ । विशेष सामाजिक अभियानलाई मूर्त रुप दिन कथावाचिका राधिका दासीले कथा वाचन गरेर श्रोतालाई आनन्दित बनाइरहनु भएको छ भने श्रद्धालुले दिने गरेको दान भेटीका कारण आयोजक निकै उत्साहित भएका छन् । महायज्ञ मूल समितिका अध्यक्ष हीरा गौतमले मधेशदृष्टिका वीरेन्द्र रमणसँग गरेको कुराकानीको सम्पादित अंशः**


हीरा गौतम
अध्यक्ष, महायज्ञ मूल समारोह समिति
बर्दिबास, महोत्तरी

**अध्यात्ले व्यक्तिलाई मनको शान्ति दिन्छ, यस किसिमको सामाजिक कार्यले तन र मनको शान्ति दिन्छ । यो अभियानको विषयमा कसरी विचार आयो ?**

शिवपुराण महायज्ञ लगाएर हाम्रो मायाघर निर्माण गर्ने उद्देश्य हामीले तीन वर्ष अगाडिदेखि नै बोकेका थियौँ । समाजमा रहेका मानवलाई त्यतिकै छतविहीन हुँदाको पीडा र यसलाई निर्माण गरेर मानवलाई हामीले त्यहाँ राखेर उनीहरुको सेवा सत्कार गरौँ भन्ने सोचका साथ केही वर्षदेखि छलफल गर्दै आएका थियौँ । अहिले राज्यको अवस्था पनि त्यस्तै छ । त्यसकारण हामी सबै मिलेर केही न केही योगदान ग्रियो भने त्यो सार्थक बन्छ भन्ने सोचका साथ अगाडि बढियो । यो संस्थाको संस्थापक पनि राधिका दासी हुनुहन्छ । त्यसकारण हामीले सबैको साथसहयोगबाट उत्साहित भएपछि यस अभियानलाई मूर्त रुप दिन अगाडि बढियो । महायज्ञबाट आएको रकमलाई समेत यसमै प्रयोग गर्ने गरी कार्य अगाडि बढायौँ । राधिका दासीले पनि माया घर बन्छ भने म निःशुल्क रुपमा वाचन गरिदिन्छु भनेपछि हामीले थप उत्साहित भएर अभियान अगाडि बढायौँ । यसबाट आएको आर्थिक स्रोतले समेत यस अभियानलाई अगाडि बढ्न बल पुर्‍याएको छ ।

**तपाईं होटल व्यवसायी, व्यापारी घाटा नाफाको सौदा गर्छ भन्छन्, तपाईं व्यापारी भएर सामाजिक अभियान तिर कसरी लाग्नु भो ?**

२३ वर्षदेखि गौतम होटलको सञ्चालन र व्यवस्थापन गर्दै आएको छु । तर सँगै आफ्नो गाउँठाउँमा बस्दा सामाजिकरुपमा समेत केही न केही योगदान दिनुपर्छ भन्ने मेरो मान्यता हो । त्यस मान्यताको आधारमा मैले समाजिक क्षेत्रमा हुने रहेक काममा आफू भागिदार हुनुपर्छ भन्ने सोचका साथ केही न केही योगदान गरिरहेको छु । खास गरेर मुसहर बस्तीको उत्थानको कुरा होस् वा बर्दिबास सेवा समिति छ, त्यहाँ पनि मैले केही सहयोग गरेको छु । अर्थात् सामाजिक रुपान्तरणका लागि हुने हरेक अभियानमा मेरो साथ सहयोग छ । हो, व्यापार जीविकोपार्जनका लागि हो भने सामाजिक काम आत्मसन्तुष्टिका लागि छ । त्यसकारण व्यापारका साथै सामाजिक कामलाई समेत अगाडि बढाएको छु । सामाजिक कार्यमा हात हाल्दा खुशी र सन्तुष्टि पनि मिल्छ, त्यसकारण हरेक सामाजिक काममा मेरो योगदान रहने गरेको छ ।

**हाम्रो मायाघरका लागि जग्गा व्यवस्थापन भएको छ कि छैन ?**

मायाघरका लागि अहिलेसम्म साढे पाँच कठ्ठा जग्गा उपलब्ध भइसकेको छ । कम्पाउन्डको घेराबेरा लगाउने कार्यसमेत पूरा भइसकेको छ । घर बनाउन डिपिआरसमेत तयार भइसकेको छ । हामीले रकम संकलन गर्न सकियो भने तत्कालै शिलान्यास गरेर काम अगाडि बढाउन थाल्छौँ । मायाघरको लागत पौने ११ करोड रुपैयाँ छ । दुई वटा ब्लक छ, जसमा एउटा चार तलाको घर छ अर्को दुई तलाको घर छ । मन्दिरसहित आवश्यक पूर्वाधार राखिएको छ ।

हामीले यो शिव महापुराणबाट १ करोड देखि १ करोड ५० लाख रुपैयाँ संकलन गर्ने लक्ष्य छ । त्यो संकलन भएपछि हामीले काम शुरु गर्छौँ । पछि प्रदेशका सांसददेखि संघीय सांसद, स्थानीय निकाय र विभिन्न व्यक्तिसँग फेरि सहयोग लिने दिन आउँछ । उहाहरुसँग छलफल भएको छ । उहाँहरु सकारात्मक हुनुहुन्छ । हामीले तत्काल काम शुरुवात गर्छौं, विस्तारै त्यो काम अगाडि बढ्छ । सहयोगसमेत जुट्दै जानेछ ।

**माया घरमा कस्ता मानिसहरुलाई आश्रय हुनेछ ?**

खास गरेर सडकमा अलपत्र परेका बच्चा मात्रै होइन, ठूलो मान्छेदेखि लिएर वृद्धवद्धा सबैलाई राख्ने व्यवस्था गरेका छौँ । समग्रमा भन्नुपर्दा सडकमा रहेकालाई राख्नेछौँ । कतिपयको मानसिक सन्तुलन ठीक नभएर सडकमा हुन्छन्, उनीहरु सबैलाई राखेर सेवा गर्छौं । कतिपयलाई स्वास्थ्यमा समस्या हुन्छ, उनीहरुलाई समेत राखेर स्वास्थ्य उपचार गर्छौं, अर्थात् अलपत्र परेकालाई यहाँ राख्ने |छौँ ।

खास गरेर यो अभियान पवित्र उद्देश्य राखेर गरिएका कारण सबैतिरबाट निकै सहयोग पाइएको छ । राधिका दासीले अरु ठाउँमा कथा वाचन गर्दा त्यसको शुल्क लिनुहुन्छ, हामीकहाँ त्यो निःशुल्क गर्नुभएको छ । अर्कातर्फ कथा श्रवण गर्नेहरुसमेत भारतदेखि पनि आउनु भएको छ ।

नेपालको विभिन्न स्थानबाट समेत आउनु भएको छ । उहाँहरुले हाम्रो अभियानलाई साथ सहयोग समेत दिनु भएको छ । यहाँ गरिने दानबाट समेत हामी निकै उत्साहित भएर यो अभियानले सार्थक रुप लिन्छ भन्नेमा आशावादी मात्रै होइन, हामी निकै उत्साहित भएका छौँ । त्यसकारण सबैको साथ सहयोग छ, सबैको साथ सहयोग पाएपछि अभियान सफल हुन्छ भन्नेमा ढुक्क छौँ ।

# नेपाल भाषा परिषद्को नयाँ भवन उद्घाटन

**काठमाडौँ ।**
भारत सरकारको भूकम्पपछिको पुनर्निर्माण अनुदान सहयोगअन्तर्गत निर्माण गरिएको काठमाडौँस्थित नेपाल भाषा परिषद्को नयाँ भवनको उद्घाटन गरिएको छ ।

नेपालको औपचारिक भ्रमणमा आएका भारतीय विदेश सचिव विक्रम मिस्री र सरकार सहरी विकास मन्त्रालयका सचिव मणिराम गेलालले आइतबार भवनको संयुक्त रुपमा उद्घाटन गरेका हुन् । परराष्ट्र मन्त्रालयका सचिव सेवा लम्सालको मैत्रीपूर्ण निमन्त्रणामा भारतीय विदेश सचिव मिस्री नेपालको दुईदिने औपचारिक भ्रमणका लागि आइतबार नेपाल आएका हुन् । नेपाल र भारतबीच सदियौँ पुरानो सभ्यतागत, सांस्कृतिक र जनता–जनताबीचको सम्बन्ध रहेको छ । भारत सरकारको सहयोगमा नेपालमा ठूला पूर्वाधार तथा कनेक्टिभिटी परियोजनाहरु सम्पन्न भई र नयाँ परियोजनाहरु अघि बढाई उच्चस्तरीय आदानप्रदानलाई गति दिँदै पछिल्लो वर्षहरुमा दुई देशबीचको द्विपक्षीय सहकार्य अझ मजबुत भएको छ ।

# सगुन सहकारीका अध्यक्ष घिमिरे विरुद्ध अख्तियारमा उजुरी

**मधेशदृष्टि**
**सर्लाही ।**
जिल्लाको हरिवन नगरपालिका ११ स्थित रहेको सगुन बचत तथा ऋण सहकारी संस्था लिमिटेडका पूर्व अध्यक्ष एवम् सञ्चालक समिति पदेन सदस्य तथा हरिवन नगरपालिका ९ स्थित रहेको सगुन शिक्षा सरकारी संस्था लिमिटेडका अध्यक्ष विरुद्ध सरकारी राजश्वमा हानी नोक्सानी पुर्‍याएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ । ‘सर्लाहीको हरिवन नगरपालिका ८ घर भई हरिवन नगरपालिका ११ स्थित रहेको सगुन बचत तथा ऋण सहकारी संस्था लि.का पुर्व अध्यक्ष एवम् सञ्चालक समिति पदेन सदस्य तथा हरिवन नगरपालिका ९ स्थित रहेको सगुन शिक्षा सरकारी संस्था लि.का अध्यक्षका बाबुराम घिमिरेले राज्यको राजश्वमा हानी नोक्सानी(करछली)कृते लेखा परीक्षण, अवैधानिक कर्जा देखाई आर्थिक अपचलन, हिसाब फर्स्यौट, शेयर सदस्य रकम हिनामिना साथै सहकारी ठगी गरेका र अकृत सम्पती आर्जन गरेका भन्दै आवश्यक छानविन गरी’ हदै सम्मको कारबाही गरी पाउँ भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा २०८१ साउन ८ गते उजुरी परेको अख्तियार स्रोतले जनाएको छ । २०८१ साउन २० गतेमा दर्ता नम्बर ४ सय ३२ भएको उजुरीमा ‘हरिवन नगरपालिका ११ स्थित रहेको सगुन बचत तथा ऋण सहकारी संस्था लि.बाट सगुन शिक्षा सहकारी संस्था लि.मा शेयर सदस्यहरुको वोनश रकम संस्थाको कोषमा राखि अवैधानिक रुपमा करिब दुई करोड रुपैयाँ हिसाब सारेको तीन हजार दुई सय जना शेयर सदस्य थप देखाएर (२०७४।१०।११)मा करछली रकम १० लाख रुपैयाँ, हरिवन नगरपालिका ९ नोचा स्थित रहेको सगुन शिक्षा सहकारी संस्था लि.को भवन निर्माण गर्ने ठेकेदारको ज्याला र विलजिलक नभई निर्माण समितिको समेत एक मुष्ट लाग्ने राजश्व कर अन्दाजी ५५ लाख रुपैयाँ र हरिवन नगरपालिका ९ नोचा स्थित रहेको सगुन शिक्षा सहकारी संस्था लि.को नाममा १–१५–० जमिन मनका श्रेष्ठ (राजभण्डारी)बाट जग्गा खरिद गर्दा (२०७२।०७३) कम मोल (थैली)देखाई कर छली गरी जग्गा खरिद रकम बढी देखाएको र अन्दाजी करछली रकम दुई लाख रुपैयाँ गरी राज्यको कुल कर छली रकम अन्दाजी ६७ लाख रुपैयाँ रहेको’ भनिएको छ ।

त्यसैगरी ‘६१ लाख ७८ हजार पाँच सय र यसको हर्जना(विगो बराबर)को समेत गरी एक करोड २३ लाख ५७ हजार रुपैयाँ बेरुजु रकम असुल उपर गर्नुपर्ने नगद तरलता लेखापरिक्षणमा उल्लेख गरिएको भन्दै हरिवन नगरपालिका ९ नोचा स्थित रहेको सगुन शिक्षा सहकारी संस्था लि.को छानविन तथा सुझाब समितिको प्रमाणित प्रतिवेदन र हरिवन नगरपालिका ९ नोचा स्थित रहेको सगुन शिक्षा सहकारी संस्था लि.को १० औँ वार्षिक साधारण सभामा पेश गरिएको आर्थिक विवरण समेत खुलाईएको प्रमाणित प्रतिवेदन’ सवुत प्रमाणहरु समेत समावेश गरी निवेदन परेको आयोग स्रोतले जनाएको छ । यस अघि गठन भएको छानविन समितिले पटक पटक अध्यक्ष घिमिरेलाई समय सिमा दिँदै समस्या देखिएका ठाउँहरु र विषयहरुको समाधान गर्न समय सिमा दिएको थियो । तर अध्यक्ष घिमिरेले अटेर गर्दै समस्या समाधान नगरेको पाइएको हो ।

# ‘पुरानो मर्मत भएन, अब नयाँ पुल चाहियो’

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशको जीवनरेखा मानिएको हुलाकी सडक राजमार्गअन्र्तगत धनुषा र सिरहा जोड्ने कमला पुल निर्माण माग गर्दै सिरहाका स्थानीयले मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहलाई ज्ञापन पत्र बुझाएका छन् । कमला पुल भत्किएको २ वर्षभन्दा बढी समय भइसक्दासमेत पुल निर्माण हुन नसकेकाले नयाँ पुल निर्माणको माग गर्दै सिरहाबाट आएका स्थानीयले मुख्यमन्त्रीलाई ज्ञापनपत्र बुझाएका हुन् । सिरहाबाट आएका प्रवीण यादवले हुलाकी सडकअन्तर्गत कमला पुल निर्माणको माग गर्दै मुख्यमन्त्रीलाई ज्ञापन पत्र बुझाइएको बताए । उनले अभिभावक मधेश सरकार नै रहेको मधेश सरकारले नै यो समस्या समाधान गर्नुपर्ने बताए ।

उनले भने, ‘यहाँबाट अरु कतै यो माग लिएर जाँदैनौँ, हाम्रो माग प्रदेश सरकारले कसरी सम्बोधन गर्छ, त्यो हाम्रो सरोकारको विषय होइन तर कमला पुल प्रदेश सरकारले जसरी पनि निर्माण गरिदिनु पर्यो ।’ अर्का स्थानीय एवम् कमला पुल निर्माणका लागि माग गर्दै आइरहेका दिनेश यादवले यसअघि हामीले भासिएको पुल मर्मत गर भनेर माग गर्दै आएका थियौँ तर अब हामीलाई नयाँ पुल नै चाहिएको बताए । उनले पुरानो पुल मर्मत गर्ने नाममा ३ वर्षभन्दा बढी भइसकेकाले अब पुल काम नलाग्ने भएकाले नयाँ पुल चाहिएको बताए । यता, ज्ञापनपत्र बुझ्दै मधेशका मुख्यमन्त्री सतिश कुमार सिंहले आफूहरु कमला पुल निर्माणका लागि गम्भीर रहेको बताए । उनले संघ सरकारले अनुमति दिए आफूहरु आफ्नै बजेटबाट पनि पुल निर्माण गर्न तयार रहे पनि अधिकार नरहेकाले कुनै ठोस कदम उठाउन नसकेको बताए । मुख्यमन्त्री सिंहले आफूहहरुले हुलाकी सडक निर्माणका लागि प्रधानमन्त्रीलाई भेटेर जानकारी गराइसकेको प्रतिक्रिया दिए । मुख्यमन्त्री सिंहले ७ दिनभित्र पुल निर्माणका लागि प्रकृया अगाडि नबढाइए आमरन अनशनमा बस्ने आन्दोलनकारीको चेतावनीप्रति रोष प्रकट गरे । उनले ७ वर्षसम्म प्रदेश सरकार रहे नरहेको जनताले अनुभूति नगरेको र आफ्नो नेतृत्वको सरकार आएको २ महिनामै यस प्रकारको अल्टिमेटम दिँदा नियोजितरुपमा आन्दोलनको प्रारम्भ गरिएको जस्तो लागिरहेको शंका गरे ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन